जिल्ला प्रशासन कार्यालय काठमाडौं

इजलाश

प्रमुख जिल्ला अधिकारी **बसन्त राज गौतम**

**फैसला**

सम्बत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.१७/६१(**हातहतियार**)

दर्ता मिति :– २०७०/०१/०२

मुद्दा :– **हातहतियार खरखजाना**।

निर्णय नं.७८५, मिति :– २०७१/०७/२०

| **वादी** | **प्रतिवादी** |
|---|---|
| प्रहरी प्रतिवेदन जाहेरीले<br>**नेपाल सरकार**................१ | पर्तबहादुर तामाङ्गको छोरा जि. नुवाकोट,सामरी गा.वि.स. वडा नं.२ बस्ने वर्ष ३४ को धनबहादुर तामाङ्ग ........................ १ |
| निजको प्रमाण................................... | |
| साक्षी ............. | निजको प्रमाण ................................................................. |
| कागज........................................... | साक्षी ......................................................................... |
| | कागज ......................................................................... |

**यस कार्यालयबाट बुझेको**

प्रमाण...........................................

साक्षीः-आशाबहादुर तामाङ्गले गरेको वकपत्र

कागजः

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

मुद्दा :- हातहतियार खरखजना।

**केशको संक्षिप्त व्यहोराः-**

(१) शंकास्पद अवस्थामा हिडडुल गर्ने व्यक्तिहरुको निगरानी एवं चेकजाँच गर्ने क्रममा मिति २०६९।१२।०७ गते जिल्ला काठमाडौं का.म.न.पा. वडा नं ४ स्थित रारा मार्गमा वा ४९ प ३१४१ नम्वरको निलो रंङ्गको पल्सर मोटरसाईकल सडक किनारामा शंकास्पद रुपमा रोकीरहेको अवस्थामा जिल्ला नुवाकोट सामरी गा.वि.स.वडा नं २ घर भएका वर्ष ३४ को धन वहादुर तामाङ्गलाई नियन्त्रणमा लिई निजको शरिर तलासी लिने क्रममा निजको साथवाट वरामदी मुचुल्कामा उल्लेख भए बमोजिमका No 100 PISPA MADE IN USA लेखिएको पेस्तोल थान १ र NO 100लेखिएको म्यागिजन थान १, WCC 08लेखिएको गोली राउण्ड थान ६, KF 09 9mm ZZ लेखिएको गोली राउण्ड थान १ समेतका हात हतियार खरखजाना तथा चिजवस्तुहरु फेला परेकोले रित पुर्वकको खानतलासी तथा वरामदी मुचुल्का तयार पारी निजलाई पक्राउ समेत गरी वरामदी सामानहरु तथा आवश्यक कागजात सहित आवश्यक कारवाहीको लागी यसै प्रतिवेदन साथ दाखिला गरेका छौ। निज प्रतिवादी धन वहादुर तामाङ्ग उपर कानुन वमोजिम गरिपाँउ भन्ने व्यहोराको प्र.ना.नि.पुरन बहादुर चन्द समेतको मिति २०६९।१२।०७ गतेको प्रहरी प्रतिवेदन।

(२) मिति २०६९।१२।०७ गते जिल्ला काठमाडौं का.म.न.पा. वडा नं ४ स्थित रारा मार्गमा वा ४९ प ३१४१ नम्वरको निलो रंङ्गको पल्सर मोटरसाईकल सडक किनारामा शंकास्पद रुपमा रोकीरहेको अवस्थामा जिल्ला नुवाकोट सामरी गा.वि.स.वडा नं २ घर भएका वर्ष ३४ को धन वहादुर तामाङ्गलाई नियन्त्रणमा लिई निजको शरिर तलासी लिदा निजको साथवाट No 100 PISPA MADE IN USA लेखिएको पेस्तोल थान १ र NO 100 लेखिएको म्यागिजन थान १, WCC 08 लेखिएको गोली राउण्ड थान ६, KF 09 9mm ZZ लेखिएको गोली राउण्ड थान १ समेतका हात हतियार खरखजाना तथा चिजवस्तुहरु वरामद भएको भन्ने मिति २०६९।१२।०७ गतेको वरामदी खानतलासी मुचुल्का।

(३) वरामदी मुचुल्कामा उल्लेख भएको वा ४९ प ३१४१ नं को निलो रंगको पल्सर मोटरसाईकल तथा ऐ.को साँचो सिम सहितको सोनी ईरेक्सन मोवाई, एन सेलको सिमकार्ड थान ४, ममता नेपाली, नौमाया गुरुङ्ग, सन्त वहादुर तामाङ्ग, प्रिति मगर को नाउको थान ४ राहदानी धन वहादुर तामाङ्गको नाउको नेपाली नागरीकताको प्रमाणपत्र, No 100 PISPA MADE IN USA लेखिएको पेस्तोल थान १ र NO 100 लेखिएको म्याग्जिन थान १, WCC 08 लेखिएको गोली राउण्ड थान ६, KF 09 9mm ZZ लेखिएको गोली राउण्ड थान १ समेत जम्मा ७ राउण्ड गोली मेरो साथवाट वरामद भएको ठिक साँचो हो । मिति २०६९ सालको मंसिर महिनामा सानि आमाको छोरा विजय तामाङ्गलाई अशोक तामाङ्ग समेतले कर्तव्य गरि मारेको र मलाई पनि खतरा हुने महसुस गरि हतियार खोजि हिडेको अवस्थामा धादिङ्ग घर भएका विशाल भन्ने व्यक्तिसंग भेटी पेस्तोल, गोली र म्याग्जिन समेत रु २० हजारमा किनी काकालाई भेट्न काठमाडौं आउदाको वखत आफ्नै साथमा राखिरहेको थिए । वा ४९ प ३१४१ नं.को मोटर साईकल रोकी का.जि.का.म.न.पा ४ स्थित रारा मार्ग सडक खण्डमा रहेको अवस्थामा प्रहरी टोलीले मलाई पक्राउ गरि मेरो साथवाट वरामदी मुचुल्कामा उल्लेखित चिजवस्तुहरु वरामद गरेको हो । विशाल भन्ने संग २०६९ सालको पौस महिनामा धादिङ्ग जिल्लाको धादिङ्ग वेशीमा भेट भई पेस्तोल र गोली खरिद गरेको हुँ । वरामद भई आएको मोटर साईकल नुवाकोट जिल्ला स्थित शुभ प्रवाह फाईनान्स लि.वाट किस्तावन्दीमा ठेक्का पट्टा गरी कमाएको पैसाले खरिद गरेको हुँ । म संग हात हतियार खरखजाना राख्ने, वोकि हिड्ने, ओसार पसार तथा खरिद विक्रि गर्ने ईजाजत पत्र छैन भन्ने समेत व्यहोराको प्रतिवादी धन वहादुर तामाङ्गले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको वयान कागज ।

(४) प्रहरी प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी धन बहादुर तामाङ्ग समेत भएको हातहतियार तथा खरखजाना मुद्धामा प्रतिवादीको साथवाट वरामद हुन आएको No 100 PISPA MADE IN USA लेखिएको पेस्तोल थान १ र NO 100 लेखिएको म्याग्जिन थान १, WCC 08 लेखिएको गोली राउण्ड थान ६, KF 09 9mm ZZलेखिएको गोली राउण्ड थान १ परिक्षणको लागी पठाईएको भन्ने मिति २०६९।१२।०९ मा केन्द्रिय प्रहरी विधिविज्ञान प्रयोगशालालाई लेखिएको पत्र ।

(५) मिति २०६९।१२।०७ गतेका दिन म आफ्नो कोठावाट काठमाडौ रारामार्ग सडक तर्फ आईरहेको थिए । सोही क्रममा हाल पक्राउ परि आएका धन बहादुर तामाङ्गलाई प्रहरी टोलीले नियन्त्रणमा लिई निजको शरिर खानतलासी गर्दा निजको साथवाट पेस्तोल म्याग्जिन गोली मोवाईल सिम कार्ड नागरिकता र राहदानि समेतका चिजवस्तहरु फेला पारी निज धन बहादुर तामाङ्गको मोटरसाईकल समेत प्रहरी टोलीले वरामद गरि लगेको अवस्थामा देखेको हो भन्ने समेत व्यहोराको एकै मिलान हुने को विकास माझी,श्याम बहादुर मोक्तान र मदन खत्री समेत ३ जनाले गरिदिएको मिति २०६९।१२।२५गतेको वस्तुस्थिती मुचुल्का ।

(६) मिति २०६९।१२।०७ गते जिल्ला काठमाडौं का.म.न.पा. वडा नं ४ स्थित रारा मार्गमा वा ४९ प ३१४१ नम्वरको निलो रंङ्गको पल्सर मोटरसाईकल सडक किनारामा शंकास्पद रुपमा रोकीरहेको अवस्थामा जिल्ला नुवाकोट सामरी गा.वि.स.वडा नं २ घर भएका वर्ष ३४ को धन वहादुर तामाङ्गलाई नियन्त्रणमा लिई निजको शरिर तलासी लिने क्रममा निजको साथवाट पेस्तोल थान १ म्याग्जिन थान १ र गोली राउण्ड थान ७, समेतको हात हतियार खरखजाना फेला परेकोले आवश्यक कागजात सहित आवश्यक कारवाहीको लागी दाखिला गरेको भन्ने **प्रहरी प्रतिवेदनवाट** अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा प्रतिवादी धन वहादुर तामाङ्गको शरिर तलासी लिदा निजको साथवाट No 100 PISPA MADE IN USA लेखिएको पेस्तोल थान १, NO 100 लेखिएको म्याग्जिन थान १, WCC 08 लेखिएको गोली राउण्ड थान ६ रKF 09 9mm ZZ लेखिएको गोली राउण्ड थान १ समेतका हात हतियार खरखजाना तथा चिजवस्तुहरु वरामद भएको भन्ने **वरामदी खानतलासी मुचुल्कावाट** देखिएको, **प्रतिवादी धनबहादुर तामाङ्गले** अधिकार प्राप्त अधिकारीस समक्ष बयान गर्दा पेस्तोल थान १, म्याग्जिन थान १ र गोली राउण्ड थान ७ मेरो साथवाट वरामद भएको ठिक साँचो हो । मिति २०६९ सालको मंसिर महिनामा सानि आमाको छोरा विजय तामाङ्गलाई अशोक तामाङ्ग समेतले कर्तव्य गरि मारेको र मलाई पनि खतरा हुने महसुस गरि हतियार खोजि हिडेको अवस्थामा धादिङ्ग घर भएका विशाल भन्ने व्यक्तिसंग भेटी पेस्तोल, गोली र म्याग्जिन समेत रु २० हजारमा किनी काकालाई भेट्न काठमाडौं आएको अवस्थामा सो वरामद भएको हतियार तथा गोलीहरु मेरै साथवाट वरामद गरेको हो । विशाल भन्ने संग २०६९ सालमा धादिङ्ग जिल्लामा सो वरामद भएको हतियार र गोली खरिद गरेको हुँ । म संग हात हतियार खरखजाना राख्ने, वोकि हिड्ने, ओसार पसार तथा खरिद विक्रि गर्ने ईजाजत पत्र छैन भनी कसुरमा साविती भई आफ्नो व्यहोरा लेखाइ दिइएको, मिति २०६९।१२।०७ गतेका दिन हाल पक्राउ परि आएका धन बहादुर तामाङ्गलाई प्रहरी टोलीले नियन्त्रणमा लिई निजको शरिर खानतलासी गर्दा निजको साथवाट पेस्तोल म्याग्जिन गोली मोवाईल सिम कार्ड नागरिकता र राहदानि समेतका चिजवस्तहरु फेला पारी निज धन बहादुर तामाङ्गको मोटरसाईकल समेत प्रहरी टोलीले वरामद गरि लगेको अवस्थामा देखेको हो भन्ने समेत व्यहोराको **वस्तुस्थिती मुचुल्का** समेतका आधार प्रमाणहरुवाट निज प्रतिवादी धन वहादुर तामाङ्गले **हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२), ४(२) र ५(१) बमोजिमको कसुर गरेको हुँदा सोही कसुर अपराधमा निज प्रतिवादीलाई ऐ. ऐनको दफा**

२०(२) र २०(३) **बमोजिम सजाँय गरी दफा १६ बमोजिम उक्त वरामदी पेस्तोल म्याग्जिन र गोली जफत हुन समेतको मागदावी लिई** अभियोगपत्र पेश भएको ।

(७) म २०६९।१२।६ गते सुन्धारामा चिया खाएर बसेका वखत सादा पोशाकका प्रहरीले धनबहादुर तामाङ्ग भन्ने व्यक्ति तपाई हो भनी सोधेकोमा मैले हो भन्नासाथ मलाई ट्याक्सीमा राखी प्रहरी प्रधान कार्यालय नक्साल पछाडि पट्टी लगेर राखेर आखामा पट्टी बाधी कुटपिट गरी राती कमलपोखरी प्रभागमा राखे । भोलीपल्ट हनुमानढोका बुझाएको हो । मेरो कोठा खानतलासी गर्दा वरामद भएको मोवाइल र सिमकार्डमात्र मेरो हो, मोटरसाइकल आइतबहादुर तामाङ्गको हो । उक्त सामान बाहेक म बाट केही पनि वरामद भएको छैन ।मलाई वरामदी मुचुल्कामा पढ्न नदिई जवरजस्ती सहीछाप गर्न लगाइएको हो । मुचुल्का अनुसार हतियार र गोली म बाट वरामद भएको होइन भन्ने समेत ब्यहोराको प्रतिवादी धनबहादुर तामाङ्गले यस कार्यालयसमक्ष गरेको बयान ।

(८)यस कार्यालयमा प्रतिवादी धनबहादुर तामाङ्गले वयानका क्रममा आफुबाट पेस्तोल,म्याग्जिन र गोली वरामद भएको होइन भनी आफु विरुद्धको अभियोगमा इन्कारी रही वयान गरेता पनि मिसिल संलग्न वरामदी मुचुल्का, प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान,प्रहरी प्रतिवेदन र वस्तुस्थिति मुचुल्का समेतका आधार प्रमाणहरुबाट यी प्रतिवादी अहिले नै निर्दोष छन भन्न सक्ने अवस्था विद्यमान नहुदा पछि मुद्दा किनारा हुदाका वखत ठहरे बमोजिम हुने गरी हाललाई यी प्रतिवादी धनबहादुर तामाङ्गलाई हातहतियार खरखजना ऐन,२०१९ को दफा २४(क) बमोजिम प्रस्तुत मुद्दाको पूर्पक्षको निम्ति थुनामा राख्न पठाई दिनु भन्ने समेत यस कार्यालयबाट मिति २०७०।१।३ मा भएको थुनछेक आदेश ।

(९) प्रस्तुत मुद्दाको प्रतिवादी धनबहादुर तामाङ्ग र मेरो सँयुक्त नाममा सामरी कन्सट्रक्सन नामको साझेदारी फर्म छ । हामी धेरै समय अगाडि देखी संयुक्त निर्माण सम्वन्धी काम काज गर्दै आइरहेका छौ । साथै निज मेरो वहिनी ज्वाई समेत पर्नु हुन्छ । निज मिति २०६९।१२।६ गते ठेक्का पट्टाको कामको सिलसिलामा काठमाण्डौंमा जानु भएको अवस्थामा सि वि आई ले हतियार सहित पक्राउ परेको भन्ने थाहा पाएं । उहाले त्यस्तो हतियार लिएर हिड्ने मानिस होइन, एउटा गरी खाने पेशामा लागि आफ्नो व्यवसायको ख्याति भएको मानिसले अपराध गरे होलान भन्ने विषयमा म स्वँय आश्चर्यमा छु । निजको चालचलन गतिविधि ज्यादै राम्रो छ । निज अपराधी होइनन् भन्ने व्यहोराको प्रतिवादी धनबहादुर तामाङ्गका साक्षी आशा तामाङ्गले यस कार्यालयमा गरेको वकपत्र ।

## यस कार्यालयको ठहर

नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दा मिति २०६९।१२।७ गतेका दिन काठमाण्डौं जिल्ला, का.म.न.पा.वडा नं. ४ स्थित रारा मार्गमा वा ४९ प ३१४१ नं. को पल्सर मोटरसाइकलमा सवार धनबहादुर तामाङ्गको साथबाट पेस्तोल थान १, म्याग्जिन थान १ गोली थान- ७ समेत वरामद भएकाले प्रतिवादी धन बहादुर तामाङलाई हात हतियार खर खजाना ऐन, २०१९ को दफा ३(२), ४(२) र ५(१) बमोजिमको कसुर अपराधमा ऐ. ऐनको दफा २०(३) बमोजिम सजाँय गरी वरामदी पेस्तोल, गोली र म्याग्जिन ऐ. ऐनको दफा १६ बमोजिम जफत गरी पाउँ भन्ने माग अभियोग दावी रहेछ । यसमा प्रतिवादीले अभियोग दावी बमोजिम कसुर गरेका हुन् होईनन्, कसुर गरेका भए निजलाई के कस्तो सजाँय हुने हो सो सम्बन्धमा निर्णय गर्नुपर्ने देखिन आयो ।

बादी नेपाल सरकाका तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता कृष्ण जंग शाहले गर्नु भएको बहस तथा प्रतिवादीको आरोपित कसुरबाट सफाई पाउँ भन्ने जिकिर समेत सुनी मिसिल संलग्न कागजातहरु अध्ययन गरी अब निर्णय तर्फ बिचार गर्दा मिमित २०६९।१२।७ गतेका दिन काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं.४ स्थित रारा मार्गमा वा४९प ३१४१ नं.को मोटरसाईकलमा चढी रहेका प्रतिवादी धन बहादुर तामाङको साथबाट **No 100 pispa Made in USA** लेखिएको पेस्तोल थान-१, **No 100** उल्लेख भएको म्याग्जिन थान-१, **Wcc 08** लेखिएको गोली ६ थान, **9MM 22KF 09** लेखिएको गोली थान-१, बा४९प३१४१ नम्बरको निलो पल्सर मोटरसाईकल थान-१ समेत वरामद भएको भन्ने व्यहोराको वरामदी खानतलासी मुचुल्का सक्कलै मिसिल संलग्न रहि सो मुचुल्ककाको रोहवरमा यी प्रतिवादीले सहिछाप गरेको देखिन्छ । अनुसन्धानका क्रममा यी प्रतिवादीले आफुलाई जीउज्यानको खतरा महशुस गरी आफ्नो सुरक्षाको लागि हतियार खोजी हिडेको अवस्थामा धादिङ जिल्ला घर भएको विशाल भन्ने व्यक्तिसंग भेट भई निजले मलाई हतियार र गोली उपलब्ध गराई दिएका हुन्, सो वापत मैले निजलाई रु.२०,०००।- दिएको हुँ, विशालबाट मैले खरिद गरेको पेस्तोल,७ राउण्ड गोली र म्याग्जिन आफ्नै साथमा राख्दै आएको र मिति २०६९।१२।७ गते काकालाई भेट्न काठमाण्डौ आई मोटरसाइकल रोकी राखेको अवस्थामा प्रहरीले सोधपुछ गरी खानतलासी गर्दा मेरो साथबाट वरामद भएको हो, मोटरसाईकल नुवाकोट स्थित शुभप्रभा फाईनान्स लि. बाट किस्ताबन्दीमा लिएको हुँ, ८/९ किस्ता चुक्ता गरी सकेको छु, मेरो नाममा नामसारी भएको छैन भनी कसुरमा सावित रही बयान गरेको रहेछन् । धनबहादुर तामाङको साथबाट म्याग्जिनसहितको पेस्तोल-१ र गोली राउण्ड-७, मोटरसाईकल-१ समेत वरामद गरी धनबहादुर तामाङलाई पक्राउ गरी लगेको अवस्थामा मैले देखको हुँ भनी अनुसन्धानको क्रममा बुझिएका मानिस विकास माझी, श्याम बहादुर मोक्तान र मदन खत्रीले कागज गरेको देखियो ।

तत्काल प्राप्त कागजातका आधारमा यी प्रतिवादी कसुरदार होइनन् भन्ने नदेखिएकोले हात हतियार खरखजाना ऐन,२०१९ को दफा २४ क बमोजिम यी प्रतिवादीलाई मुद्धा पुर्पक्षका लागि थुनामा राख्ने गरी मिति २०७०।१।२ मा भएको आदेश बमोजिम यी प्रतिवादी हालसम्म थुनामा रहेका रहेछन् । वरामद भएको पेस्तोल Local made ( Home made)9mm caliber को गोली लाग्ने पेस्तोल भएको, म्याग्जिन र गोली सोही पेस्तोलको भएको, वरामद गोली जिवित (live) रहेको भन्ने हतियार परीक्षण प्रतिवेदन मिसिल संलग्न देखिंदा वरामद भएको चिज वस्तु हातहतियार खरखजाना भएको तथ्यमा विवाद रहेन । प्रतिवादी धनबहादुर तामाङले यस कार्यालयमा गरेको बयानमा आफुलाई मिति २०६९।१२।६ गतेका दिन काठमाण्डौ बसुन्धरा चोकमा चिया खाएर बसेको अवस्थामा सादा पोशाकमा प्रहरीले पक्राउ गरी प्रहरी प्रधान कार्यालय, नक्शाल पछाडी लगेर आँखामा पट्टी बाँधी कुटपीट गरेको, मैले भने बमोजिम म बस्ने गरेको साथीको कोठामा खानतलासी गर्दा मोटरसाईकल-१,मोवाईल-१, सिमकार्ड समेत वरामद गरेको हो, तर म बाट कुनै हातहतियार खरखजाना वरामद भएको होईन, वरामदी मुचुल्कामा उल्लेखित हतियार र गोली वरामद भएको छैन, अनुसन्धानको क्रममा गरिएको बयान मलाई पढ्न नदिई जवरजस्ती सहीछाप गराईएको हो भनी कसुरमा ईन्कार रहेतापनि त्यसरी प्रहरीले जवरजस्ती सहिछाप गराउनु पर्ने कुनै तथ्य र कारण पेश गर्न सकेको देखिएन । प्रतिवादीका साक्षी आशा तामाङले यस कार्यालयमा गरेको बकपत्रमा प्रतिवादी धनबहादुर तामाङ २०६९।१२।६ गते कामको ठेक्का पट्टा सिलसिलामा काठमाण्डौ गएका रहेछन । ऐ.७ गतेका दिन प्रहरीले हतियार सहित पक्राउ गरेको भन्ने थाहा पाएँ, तर निजले त्यस्तो गरेको जस्तो लाग्दैन, निजको चालचलन राम्रो छ भनी मुद्धाको तथ्यवारे आफुलाई जानकारी भएको खुलाई चालचलनको वारेमा राम्रो रहेको सम्म स्पष्ट पारेका छन् तर चालचलन राम्रो भएको स्पष्ट प्रमाण मिसिलमा देखिदैन ।

अतः माथि विवेचित खानतलासी वरामदी मुचुल्का, अनुसन्धानको क्रममा प्रतिवादीले गरेको वयान, बुझिएका मानिसहरुले गरेको कागज, हातहतियार परीक्षण प्रतिवेदन समेतका कागज प्रमाणहरुका आधारमा यी प्रतिवादी धनबहादुर तामाङ्गले हातहतियार खरखजना ऐन, २०१९ को दफा ३(२) बिपरित लाइसेन्स नलिई हातहतियार खरखजना आफुसाथ राखेको, दफा ४(२) विपरित हातहतियार ल्याउने लैजाने गरेको, दफा ५(१) विपरित लाइसेन्स नलिई हातहतियार साथमा लिएर हिडेको कसूर गरेको ठहर्छ । सो ठहर्नाले सजाँय तर्फ विचार गर्दा प्रतिवादी मिति २०६९।१२।७ मा पक्राउ परी यस कार्यालयको मिति २०७०।१।२ को आदेशानुसार मुद्दा पूर्पक्षका लागि थुनामा बसी हालसम्म थुनामा नै रहेको, वरामद भएको हातहतियार खरखजना प्रयोग भई कुनै अपराध भएको मिसिलबाट नदेखिएकोले कैदको सजाँय गर्दा चर्को पर्न जान्छ कि भन्ने दृष्ट्रिकोणले निजलाई हातहतियार खरखजाना ऐन, २०१९को दफा २०(२) बमोजिम रु १,००,०००।( ( एक लाख रुपैयाँ ) र ऐ. दफा २०(३) बमोजिम रु ६०,०००।-(साठी हजार रुपैयाँ ) गरी जम्मा रु १,६०,०००।-( एक लाख साठी हजार रुपैयाँ ) जरिवाना हुन्छ । वरामद भई आएको पेस्तोल थान १, गोली राउण्ड-७ म्याग्जिन थान १ मोवाइल थान १ सिमकार्ड थान १ ऐ.दफा १६ बमोजिम जफत हुन्छ । अभियोग-पत्रसाथ पेश भए पनि जफत गरी पाउ भनी माग दावीमा उल्लेख नभएको मोटरसाइकल थान १ ऐ.दफा १६ बमोजिम जफत हुन्छ । सो सम्वन्धमा जिल्ला सरकारी वकिल कार्यालय काठमाण्डौलाई जानकारी गराउनु । अरुमा तपसील बमोजिम गर्ने गरी मु.ऐ.अ.वं.१८६ नं.बमोजिम प्रस्तुत मुद्दा फैसला गरी दिएँ ।

<u>तपसिल</u>

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी धनबहादुर तामाङ्गलाई रु १,६०,०००।-(एक लाख साठी हजार ) जरिवाना हुने ठहरेकोले प्रतिवादी धनबहादुर तामाङ्गले आफुलाई भएको जरिवाना रकम दखिला गर्न ल्याएमा नियमानुसार जरिवाना रकम बुझि लिई कारागारबाट छाडि दिन लेखी पठाउनु । ठहरेको जरिवाना दाखिला गर्न नल्याए नियमानुसार यस मुद्दाका हकमा थुनामा राख्न कैदीपूर्जि दिनू ............................................१

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु.....................................................................२

प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादी धनबहादुर तामाङ्गलाई पुनरावेदन म्याद दिनू...................................................................... ३

जिल्ला सरकारी वकिल कार्यालय,काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी दिनू ........................ ..........४

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू............५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू .........................................................................६

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम लेख्ने
ना.सु.परशुराम थापा

..................................
(**बसन्त राज गौतम**)
प्रमुख जिल्ला अधिकारी

इति सम्बत् २०७१ साल कार्तिक २० गते रोज ५ शुभम् .......................